दशौं गाउँसभा

१५ माघ २०७७ विहीबार

अध्यक्ष श्री बालकृष्ण शर्मा आचार्यज्यूले

प्रस्तुत गर्नु भएको

# संसोधित/पुरक नीति तथा कार्यक्रम

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

खनदह, अर्घाखाँची

**दशौँ गाउँसभाका आदरणीय उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सभासदस्य ज्यूहरु तथा कर्मचारी मित्रहरु,**

मालारानी गाउँपालिकाको अध्यक्षको हैसियतले यस दशौँ गाउँसभामा चालू आर्थिक वर्ष २०७७/७८ को पुरक/संसोधित नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मलाई गौरवको महशुस भएको छ । यस ऐतिहासिक अवसरमा न्यायपूर्ण समाज निर्माण र समृद्धिको दिशामा महत्वपूर्ण योगदान पुर्याएका मालारानी गाँउपालिकाका जनताहरु र समग्र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्दछु ।

जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतिबाट गाउँपालिकावासीले खोजेको सेवा, चाहेको विकास, परिकल्पना गरेको समाज निर्माणको लागि मालारानी गाउँपालिकाले संघ र प्रदेशको सहकार्यबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धितर्फ अघि बढ्ने आधार तयार भैसकेको अवस्था छ । हाम्रो गाउँपालिकाले ***"कृषि, पशुपालन र पर्यटन विकासमा पुर्बाधार, प्रबिधि हस्तान्तर र सहकारी, समृद्ध मालरानीको मूल आधार"*** भन्ने दिर्घकालिन सोच लिई दृढताकासाथ अघि बढेको छ । पूर्बाधारको विकासमा देखिएको उपलब्धीलाई शुक्ष्म रुपमा अध्ययन गर्दा गाउँपालिका भित्रको चरम गरिवी, विपन्नताको स्थितिमा रहनु पर्ने वाध्यात्मक अवस्था अन्त्यतर्फ उम्मुख हुन थालेको अवस्था छ ।

यस वर्ष हासिल भएका उपलब्धीहरु संस्थागत गर्दै गाउँपालिकाबासीका सामाजिक र आर्थिक हित प्रबर्द्धन गर्ने, समान अधिकार, समान अवसर, स्रोत र साधनको न्यायिक वितरणमा जोड दिइने छ । साथै गाउँपालिका भित्रका विभिन्न विषयगत समितिका राय सुझाव र निर्णयहरु, संघ संस्था तथा सामाजिक अगुवा र राजनीतिक नेतृत्वहरुका प्राप्त सकरात्मक सुझावहरुलाई ध्यान पुर्याएको छ ।

**आदरणीय गाउँसभाका उपाध्यक्ष र सदस्यज्यूहरु,**

अब म चालु आर्थिक बर्ष २०७७/०७८ का नीति तथा कार्यक्रमहरू र बजेट कार्यान्वयन गर्दा ६ महिनाको अबधिमा प्राप्त भएका उपलब्धीहरु बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

- पहिलो पटक पालिकास्तरीय सार्वजनिक विदा (रक्षा बन्धन) प्रदान गरिएको ।
- कृषकलाई सहुलियत कर्जा प्रवाह गर्न कृषि बैंकसँग सझौता सम्पन्न गरिएको
- कर्मचारीहरुका लागि ७ दिने पुनर्ताजगी प्रशिक्षण सम्पन्न गरिएको ।
- त्रिदिवशीय संविधान तथा राष्ट्रिय दिवस भव्य रुपमा सम्पन्न गरिएको ।
- गाउँपालिकाको समग्र पहिचान झल्कने प्रतीक चिन्ह (लोगो) छनौट गरी प्रयोगमा ल्याइएको ।
- ४१ वटा विभिन्न कानुनहरुको संग्रह प्रकाशन गरिएको ।
- गाउँ शिक्षा समिति गठन गरी क्रियाशील बनाइएको ।
- बारम्रा, भैसी स्रोत केन्द्र तथा कोसेली घरको सञ्चालनको तयारीमा रहेको ।
- खन स्वास्थ्य चौकीका लागि हस्तान्तरण भई आएको एम्बुलेन्स ग्रहण गरी सञ्चालनमा ल्याइएको ।
- सूचनाको हक सम्बन्धी ऐनअनुसार बार्षिक तथा प्रथम त्रैमासिक स्वत: प्रकाशन पहिलो पटक सार्वजनिक गरिएको ।
- वार्षिक कार्यप्रगति विवरण मालारानी बुलेटिन सार्वजनिक गरिएको ।
- मूख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत मिनी ट्रिलर (हाते ट्याक्टर) को ५ दिने तालिम सम्पन्न गरिएको ।
- १५ शैयाको अस्पताल सिलान्यास गरी कार्य आरम्भ गर्ने तयारीमा रहेको ।
- बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको ।
- कृषि सम्बन्धी विभिन्न प्रविधहरू खरिद गरी हस्तान्तरण गरिएको ।

**आदरणीय गाउँसभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०७७/०७८ को नवौं गाउँसभाबाट पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चरणमा आईपुग्दा संशोधन र थप गर्न आवश्यकता महशुस भएकोले संशोधित वा पुरक नीति तथा कार्यक्रमहरु पेश गर्न चाहन्छु ।

१. वडास्तरीय योजना तथा कार्यक्रमहरु वडा समितिको निर्णय र सिफारिसका आधारमा रकमान्तर गर्ने नीति अवलम्बन गरिनेछ ।

२. जनताको आवश्यकतालाई महशुस गरि अत्यावश्यकीय योजना तथा कार्यक्रममा समेत रकमान्तरित बजेटको व्यवस्था मिलाइने छ ।

३. गाउँसभाबाट स्वीकृत भएको चालुतर्फको बजेट अन्तर्गतका शीर्षकहरुमा संशोधन गरि तलव भत्तालगायतका शीर्षकमा नपुग हुने बजेटलाई ब्यवस्थापन हुने गरि संशोधन गरिएको छ ।

४. भौतिक पूर्बाधारका योजनाहरु कार्यान्वयन गर्दा पूर्ण प्रतिस्पर्धाको विधिलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

५. क्षेत्रगत योजना तथा कार्यक्रमहरू सञ्चालन गर्नका लागि विभिन्न गैरसरकारी संघ संस्थाहरूसँग साझेदारी गरी अगाडि बढ्ने नीति लिइनेछ ।

६. गाउँपालिकाका कामलाई थप व्यवस्थित र विधिसम्मत बनाउनका लागि गठन गरिएका विषयगत समितिहरूलाई पुनर्गठन गरी थप क्रियाशील बनाइनेछ ।

७. गाउँकार्यपालिका कार्यालयको कार्यबोझ तथा आय स्रोतको यकिन गरी संगठन संरचना सर्वेक्षण (ओ. एण्ड एम्. सर्भे) गर्ने व्यवस्था मिलाइनेछ ।

८. यस गाउँपालिका भित्र रहेका परम्परागत संस्कृतिहरुलाई सम्पत्तिको रुपमा संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन व्यवसायमा आवदद् गरी सोको माध्यमबाट मालारानीबासीको आय आर्जनमा वृद्धि गराउने नीति अबलम्बन गरिनेछ ।

९. गाउँपालिकाको प्रमुख प्राथमिकतामा परेको निर्वाहमूखी कृषि तथा पशुपालन व्यवसायलाई आधुनिकीकरण गर्न यान्त्रीकरणको माध्यमबाट व्यवसायीकरण गर्नको लागि कृषक दर्ता व्यवस्थापन कार्यक्रमबाट कृषकहरुलाई उत्प्ररित गरिनेछ ।

१०. सिलाइ बुनाई, अचार उत्पादन, भगत सर्वजित, हेयर ड्रेसिङ्जस्ता पेशालाई प्रवर्धन गर्न अनुदान तथा प्रविधि प्रदान गरिनेछ ।

११. कृषि उत्पादनलाई सामुहिकता र सहकारीमा आबद्ध गराउनको लागि सहकारी संस्थामार्फत प्रविधि हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. युवाहरुको सीप र प्रतिभाको पहिचान गरी सामाजिक जागरण, सामाजिक रुपान्तरण र गाउँपालिकाको सम्वृद्धिको लागि परिचालन गरिनेछ ।

१३. स्वास्थ्य संस्थाको सेवाप्रवाहलाई प्रभावकारी बनाउन जनशक्ति, भौतिक स्रोत, साधन र औषधीको पर्याप्त व्यवस्था मिलाइनेछ ।

१४. गाउँपालिका भित्रका सम्पूर्ण घरधुरीको पूर्ण सरसफाइका सूचकहरु पूरा गरी आगामी २ वर्षभित्रमा पूर्ण सरसफाई उन्मूख गाउँपालिका बनाइनेछ ।

१५. बालवालिकाको अधिकार सुनिश्चित गर्नको लागि बालमैत्री स्थानीय शासनका कार्यक्रमहरु संचालन गरि बालमैत्री गाउँपालिका निर्माण गर्न पहल गरिनेछ ।

१६. गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयका भवन, स्वास्थ्य संस्थाका भवनहरुको निर्माणको कार्य सम्पन्न हुने गरी तीब्रताका साथ अगाडि बढाईनेछ ।

१७. वातावरणमैत्री स्थानीय सरकारको अवधारणाको प्रभावकारी कार्यान्वयन गर्दै मालारानी गाउँपालिकाको पहिचान कायम गराइनेछ ।

१८. सेवा प्रवाहलाई सेवाग्राहीमैत्री, जवाफदेही, पारदर्शी बनाउन संस्थागत सुदृढिकरणका कार्यक्रमहरु थप प्रभावकारी रुपमा ल्याइनेछ ।

१९. गाउँपालिका क्षेत्र भित्रका व्यवशाय, उद्योग, सेवा प्रदायक संस्थाको नियमन र सहजीकरण गरी उत्कृष्ट करदातालाई प्रोत्साहनको व्यवस्था मिलाइने छ ।

२०. गाउँपालिकाबाट संचालन हुने कुनै पनि योजना तथा कार्यक्रमहरु संचालन गर्दा कार्य योजना बनाई तोकिएको समयमै कार्य सम्पन्न गर्ने नीती अवलम्वन गरिने छ ।

२१. यस गाउँपालिकाको विकास र समृद्धिको लागि छिमेकी गाउँपालिका र नगरपालिकाहरु एवं संघ/संस्था, राजनीतिक दल, नागरिक समाज, आम सञ्चार तथा विज्ञहरुविचको समन्वयलाई परिणाममूखी बनाइने नीति लिइनेछ ।

अन्त्यमा,

यस मालारानी गाउँपालिकाको आर्थिक समृद्धि र दिगो विकासको लागि ल्याइएका उल्लेखित संसोधित नीति तथा कार्यक्रमको सफल कार्यन्वयन हुने मैले पूर्ण विश्वास लिएको छु । यहाँका सम्पूर्ण वर्ग-समूदायको जीवनस्तरलाई उच्च बनाई समृद्ध पालिका सुखि जनताको पहिचान दिलाउन दिर्घकालिन सोंचका साथ ल्याइएका नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी, आम सञ्चारकर्मी, नागरिक समाज, बुध्दिजीवी, युवावर्ग, संघ/संस्था लगायतका सम्पूर्ण महानुभावहरुको सकारात्मक सहयोगको अपेक्षा राख्दछु ।

गाउँपालिकालाई समृद्ध वनाउनको लागि अहोरात्र खटिइ यो पुरक वा संसोधित् नीति तथा कार्यक्रम तर्जुमाको विषयमा अथक रुपमा सहयोग पुर्याउनु हुने मालारानी गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका पदाधिकारीज्यूहरु, सभाका सदस्यज्यूहरु, नागरिक समाज र राष्ट्रसेवक कर्मचारीहरुलगायतका सबैलाई विशेष धन्यबाद दिदै बिदा हुन्छु ।

धन्यवाद ।

१५ माघ २०७७